# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स.: २०८३/०८४
सूचना नं.: २४

## आर्थिक वर्ष २०८३/०८४ का लागि सूचीकृत हुने सम्बन्धी सूचना !

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/०७)**

यस जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरू, विषयगत शाखाहरू र विद्यालयहरूका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने विभिन्न मालसामान, वस्तु, परामर्श सेवा, निर्माण/मर्मत तथा अन्य सेवाहरू प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्ने भएकाले, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम योग्यता पुगेका इच्छुक आधिकारिक फर्म, कम्पनी, संस्था वा सेवा प्रदायकहरूबाट २०८३ असोज मसान्तभित्र रीतपूर्वकको निवेदन दिई सूचीकृत हुन दोस्रो पटक यो सूचना प्रकाशन गरिएको छ।

**१. सूचीकृत हुने मुख्य क्षेत्र/वर्गीकरणहरू:**

क) फर्निचर तथा फिक्चर्स: कार्यालय तथा विद्यालय फर्निचर (काठ, स्टिल, प्लास्टिक), दराज, सोफा, पर्दा, म्याट्रेस आदि।
ख) स्टेशनरी तथा छपाई कार्य: मसलन्द सामाग्री, पुस्तक/पत्रिका, छपाई, फ्लेक्स, कार्ड, युनिफर्म/कपडा आदि।
ग) इलेक्ट्रोनिक्स तथा मर्मत: कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, CCTV, UPS, इन्भर्टर/सोलार तथा मर्मत आदि।
घ) परामर्श सेवा: DPR, सर्भे, ड्रइङ-डिजाइन, IEE/EIA, नक्शांकन, GIS/म्यापिङ तथा प्राविधिक अध्ययन आदि।
ङ) निर्माण सामग्री: सिमेन्ट, सरिया, जस्तापाता, ईट्टा, ग्याबियन तार, पाइप/फिटिङ्स, गिट्टी, बालुवा, हार्डवेयर आदि।
च) मेशिनरी, सवारी साधन तथा भाडा: हेभी इक्विपमेन्ट, गाडी भाडा, सवारी मर्मत, स्पेयर पार्ट्स, इन्धन, ढुवानी आदि।
छ) औषधि, कृषि तथा सर्जिकल सामाग्री: औषधि, स्वास्थ्य/सर्जिकल उपकरण, बीउबिजन, मल, भेटेरिनरी तथा सरसफाइ सामाग्री आदि।
ज) विविध सेवाहरू: खाजा, खाना, तालिम/बैठक/होटल व्यवस्थापन, ढुवानी सेवा तथा अन्य विविध सेवाहरू।

**२. पेश गर्नुपर्ने अनिवार्य कागजातहरू:**

१. रीतपूर्वकको निवेदन (समूह/वर्ग खुलाइएको)।
२. फर्म दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि।
३. PAN वा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको प्रमाण।
५. प्रोप्राइटर/आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपि र सम्पर्क विवरण (फोन/इमेल)।
६. गाउँपालिका बाहिरका फर्मको हकमा रु. ५००/- राजस्व बुझाएको रसिद/बैंक भौचर।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**३. अन्य जानकारी तथा शर्तहरू:**

- गाउँपालिका बाहिर दर्ता भएका फर्महरूले सूचीकृत शुल्क बापत रु. ५००/- राजस्व शाखा वा गाउँपालिकाको बैंक खातामा बुझाएको भौचर पेश गर्नुपर्नेछ। (स्थानीय फर्महरूलाई नियमानुसार छुट हुनेछ।)
- आ.व. २०८३/०८४ मा असोज मसान्तसम्म सूचीकृत नभएका कुनै पनि फर्महरूसँग बोलपत्र (e-GP) बाहेकका अन्य सोझै खरिद, दरभाउपत्र वा मर्मत/कोटेशनको काम गरिने छैन।
- तोकिएको म्याद (२०८३ असोज मसान्त) नाघी आएका वा रीत नपुगेका आवेदनहरू अमान्य हुनेछन्।

☎ 9858488039 jorayalrlmp@gmail.com jorayalmun.gov.np facebook.com/jorayalgaunpalika